संघीय संसद

राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

## प्रतिनिधि सभामा उत्पन्न भई कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहित पारित वन विधेयक, २०७५ को सम्बन्धमा समितिको प्रतिवेदन

१. वन विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) को दफा १ को,-

(१) उपदफा (१) मा रहेका "२०७५" भन्ने अङ्कहरुको सट्टा "२०७६" भन्ने अङ्कहरु राख्ने ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ ।"

२. विधेयकको दफा ३ को उपदफा (२) मा रहेका "भू-स्वामित्व वा" भन्ने शब्दहरु झिक्ने ।

३. विधेयकको दफा ९ को उपदफा (३) मा रहेका "कुनै पनि प्रकारको" भन्ने शब्दहरुपछि "घरपालुवा" भन्ने शब्द थप्ने ।

४. विधेयकको दफा ११ को उपदफा (१) र (२) मा रहेका "रुपमा फैलिएको" भन्ने शब्दहरु झिक्ने ।

५. विधेयकको दफा १८ को,-

(१) उपदफा (१) मा रहेका "डिभिजनल वन अधिकृत समक्ष" भन्ने शब्दहरुको सट्टा "डिभिजन वन कार्यालयमा" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेका "उपयुक्त देखिएमा डिभिजनल वन अधिकृतले" भन्ने शब्दहरुको सट्टा "डिभिजनल वन अधिकृतले जाँचबुझ गरी उपयुक्त देखिएमा" भन्ने शब्दहरु राख्ने ।

६. विधेयकको दफा १९ को उपदफा (२) मा रहेका "उपभोक्ता समूहले" भन्ने शब्दहरुपछि "पैंतीस दिनभित्र" भन्ने शब्दहरु थप्ने ।

७. प्रतिनिधि सभाद्वारा पारित कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन (यसपछि "प्रतिवेदन" भनिएको) को बुँदा नं. ११ अन्तर्गत विधेयकको दफा २० को सट्टा राखिएको दफा २० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) दफा १९ को उपदफा (१) बमोजिमको निर्णय उपर सो दफाको उपदफा (२) बमोजिम उजुर नपरेमा वा त्यस्तो उजुर परी सो निर्णय सदर भएमा डिभिजनल वन अधिकृतले दफा १८ बमोजिमको प्रक्रिया पूरा गरी उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन हस्तान्तरण गर्नु पर्नेछ ।"

८. विधेयकको दफा २६ को उपदफा (२) मा रहेका "कार्यक्रम सञ्चालन गर्न" भन्ने शब्दहरुपछि "त्यस्ता जनताको समूहलाई" भन्ने शब्दहरु थप्ने ।

९. विधेयकको दफा २७ को उपदफा (२) मा रहेको "पक्षले" भन्ने शब्दपछि "निर्णय भएको पैंतीस दिनभित्र" भन्ने शब्दहरु थप्ने ।

१०. विधेयकको दफा ३३ को उपदफा (३) पछि देहायको उपदफा (४) थपी उपदफाक्रम मिलाउने :-

"(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तुबाट त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराइनेछ ।"

११. विधेयकको दफा ३५ को उपदफा (२) पछि देहायको उपदफा (३) थपी प्रतिवेदनको बुँदा नं. १९ अन्तर्गत थपिएको उपदफा (३) लाई उपदफा (४) कायम गर्ने :-

"(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको जानकारी स्थानीय तहले सम्बन्धित डिभिजन वन कार्यालयलाई गराउनु पर्नेछ ।"

१२. विधेयकको दफा ३६ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्ने :-

"(५) घरायसी प्रयोजनको लागि कुनै जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन स्थानीय तहबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन जिल्लाबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो जिल्लाको डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।"

१३. विधेयकको दफा ३९ र ४० को सट्टा देहायका दफा ३९ र ४० राख्ने :-

"३९. <u>बेवारिसी काठको व्यवस्थापन</u>: (१) कसैले आफ्नो हकको प्रमाण नपुऱ्याएसम्म नदी वा खोलाले बगाई ल्याएको, किनारा लागेको, अड्केको वा डुबेको काठ वा बेवारिसी अवस्थामा रहेको काठको स्वामित्व प्रदेश सरकारको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको काठको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

४०. <u>हकदाबी उपर कारबाही</u>: (१) कसैले दफा ३९ बमोजिम बेवारिसी अवस्थामा रहेको काठको स्वामित्व रहेको प्रमाण सहित माग गरेमा र सो सम्बन्धमा त्यस्तो व्यक्तिको हकदाबी पुग्ने देखिएमा त्यस्तो काठ निजलाई हस्तान्तरण गरिनेछ ।

(२) बेवारिसी काठको हकदाबी तथा सो उपरको कारबाही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

१४. प्रतिवेदनको बुँदा २१ अन्तर्गतको उपबुँदा (२) को सट्टा देहायको उपबुँदा (२) राख्ने :-

"(२) खण्ड (ख) मा रहेका "कार्वन सञ्चिती" भन्ने शब्दहरुपछि तथा उत्सर्जन न्यूनीकरणबाट" भन्ने शब्दहरु थप्ने ।"

१५. विधेयकको दफा ४७ को उपदफा (१) मा रहेका "उचित र पर्याप्त कारण भएमा" भन्ने शब्दहरुको सट्टा "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम गरेमा" भन्ने शब्दहरु राख्ने ।

१६. विधेयकको दफा ८४ को सट्टा देहायको दफा ८४ राख्ने :-

"८४. कार्यविधि वा निर्देशिका बनाउन सक्ने: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।"

१७. विधेयकको दफा ८४ पछि देहायको दफा ८५ थपी सोपछिका दफाक्रम मिलाउने :-

"८५. ऐन कार्यान्वयन मापन: यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षपछि मन्त्रालयले ऐन कार्यान्वयनको प्रभाव सम्बन्धमा मापन गर्नेछ ।"

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति